खण्ड ६ संख्या ९ मिति २०८०/०९/२६

**भाग २**

**स्थानीय सरकार**

## दरवन्दी मिलान सम्बन्धी कार्यविधी २०७७ लाई संसोधन गर्न बनेको कार्यविधी

**प्रस्तावनाः** परशुराम नगरपालिकाको दरवन्दी मिलान सम्बन्धी कार्यविधी २०७७ लाई संसोधन गर्न बनेको वाञ्छनीय भएकाले,

परशुराम नगरपालिका नगरकार्यपालिकाको मिति २०८०।०९।२१ गते बसेको वैठकले यो कार्यविधी बनाएको छ ।

**प्रस्तावनाः**

सबै वर्ग र समुदायका व्यक्तिहरुको सुविधालाई ध्यानमा राखी शिक्षालाई सर्वसुलभ व्यवस्थित मर्यादित एवं स्थानीय स्तरमा गुणस्तरीय शिक्षा प्रदान गर्ने उदेश्यले यस नगरपालिका भित्रका मा.वि. (१- १२) आधारभुत तह (१-८) र वालविकास कक्षा संचालित विद्यालयहरुको पठन पाठनलाई व्यवस्थित तरिकाले संचालन गर्न दरबन्दी मिलान सम्बन्धी कार्यविधी २०७७ लाई संसोधन गर्नु वाञ्छनीय भएकोले,
परशुराम नगपालिकाको विद्यालय शिक्षा व्यवस्थापन ऐन २०७६ को दफा ५४ बमोजिम परशुराम नगरकार्यपालिकाले दरबन्दी मिलान सम्बन्धी (पहिलो संसोधन) कार्यविधि-२०७७ बनाएको छ ।

### परिच्छेद -१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यो कार्यविधिको नाम दरबन्दी मिलान सम्बन्धी (पहिलो संसोधन) कार्यविधि-२०७७ रहने छ।

ख. यो कार्यविधि तुरुन्त लागु हुने छ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क."कार्यविधि" भन्नाले दरबन्दी मिलान सम्बन्धी (पहिलो संसोधन) कार्यविधि-२०७७ सम्झनुपर्छ ।

ख."मा.वि." भन्नाले( १-१२)संचालन भएकोविद्यालयहरु साथै ९-१२ लाइ सम्झनुपर्छ ।

ग "आधारभुत तह" भन्नाले १-८ सम्म संचालन भएको विद्यालयहरु साथै १-५ प्रा वि र ६-८ नि मा वि सम्झनुपर्छ ।

घ."वालविकास" भन्नाले सम्बन्धित निकायबाट अनुमति र कोटा प्राप्त गरी ३-४ वर्ष उमेर समुहका विद्यार्थीहरुको कक्षा संचालन भएको विद्यालयहरु सम्झनुपर्छ ।

ङ."व्यवस्थापन समिति" भन्नाले विद्यालयको विकासको लागि नियमानुसार गठन भएको वि.व्य.स.(SMC)लाई सम्झनु पर्छ।

च."शि.अ.संघ" भन्नाले विद्यालयको शैक्षक गुणस्तर विकासको लागि नियमानुसार गठन भएको शिक्षक अभिभावक संघ (PTA)लाई सम्झनु पर्छ।

छ."सामाजिक परीक्षण समिति" भन्नाले विद्यालयको सम्पूर्ण पक्षको आन्तरिक परिक्षण गर्न नियमानुसार गठन भएको सा.प.स.(SAC) लाई सम्झनु पर्छ।

ज."प्र.अ." भन्नाले विद्यालयको शैक्षिक एवं प्रशासनिक प्रमुखलाई सम्झनु पर्छ।

झ."शिक्षक" भन्नाले विद्यालयमा <u>बालविकास शिक्षक</u> र प्रा. वि. तह देखि मा. वि. तहसम्म अध्यापन गर्ने व्यक्तिलाई सम्झनुपर्छ र सो शब्दले प्र.अ. समेतलाई जनाउँछ।

ञ."न.पा." भन्नाले परशुराम नगरपालिकालाई सम्झनुपर्छ।

ट."स.का." भन्नाले वालविकास कोटामा कार्यरत शिक्षकलाई सम्झनुपर्छ।

ठ."कर्मचारी" भन्नाले विद्यालयलाई शिक्षा विकास तथा समन्वय इकाई (जि.शि.का.) न.पा. बाट प्राप्त दरवन्दी र अनुदान तथा विद्यालयले आफ्नो आवश्यकता अनुसार दरवन्दी सिर्जना गरी कार्यरत लेखापाल, कार्यालय सहायक, कार्यालय सहयोगी, लाइब्रेरियन, चौकीदार र स्वीपर (शौचालय सफाइकर्मी) लाई सम्झनुपर्छ।

ड."अभिभावक" भन्नाले विद्यालयमा आफ्ना विद्यार्थी भर्ना गराइ नियमित रुपमा अध्ययन गर्ने कार्यमा सहभागी गराएका तथा शिक्षा नियमावली अनुसार पालनपोषण गर्ने व्यक्तिलाई सम्झनुपर्छ।

ढ."सम्बन्धित निकाय" भन्नाले नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा, शिक्षा विकास तथा समन्वय इकाई, शिक्षा विकास निर्देशनालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र र शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयलाई प्रसंग अनुसार सम्झनुपर्छ।

ण. अन्य शब्द, नामावली र पदको अर्थ प्रचलित ऐन कानुन र नियमानुसार रहेको सम्झनुपर्छ।

<u>त. विद्यालय समायोजन भन्नाले दुई वा दुई भन्दा बढी विद्यालय, विद्यालयको तहगत तथा कक्षागत समायोजनलाई सम्झनु पर्दछ ।</u>

**३. उद्देश्य:** <u>क) परशुराम नगरपालिका भित्र रहेका विद्यालयहरुको नक्साङ्कन गरी विद्यार्थी संख्या र भौगोलिक दुरीलाई आधारमानी दुई वा दुई भन्दा बढी विद्यालय, विद्यालयको तहगत तथा कक्षागत समायोजन गर्ने ।</u>

<u>ख) परशुराम नगरपालिका भित्रका मा. वि.(१-१२), आधारभूत तह ( १-३),( १- ५)र ( १- ८)तह संचालित विद्यालय र बालविकास शिक्षक समेतलाई विद्यार्थी शिक्षक अनुपात, भौगोलिक अवस्था, संचालित तहर विषयगत शिक्षक समेतलाई आधार मानी दरबन्दी मिलान गर्ने ।</u>

## परिच्छेद -२

## <u>दरवन्दी मिलानका आधारहरु</u>

**४.दरवन्दी मिलान गर्दा अवलम्बन गर्ने आधारहरु :**

१. दरबन्दी मिलान गर्दा IEMIS तथ्याङ्कलाई मुख्य आधार वनाउने।

२. विद्यालयमा स्वीकृत दरवन्दीमा कार्यरत स्थायी/ अस्थायी करार, सट्टा शिक्षक, राहत शिक्षक, <u>नगर स्वयम् सेवक शिक्षक, शिक्षण सहयोग अनुदानमा कार्यरत शिक्षकर बालविकास शिक्षक संख्यालाई आधार लिने</u>।

<u>३. दरवन्दी मिलानका क्रममा विद्यार्थी शिक्षक अनुपात, भौगोलिक अवस्था, संचालित तह र विषयगत शिक्षक समेतलाई आधारमानी वढीहुन आई कटौती गर्नुपर्ने दरवन्दीलाई नगर शिक्षा समितिको पुल दरवन्दीमा राखी दरबन्दी मिलान गर्ने ।</u>

४. शिक्षक दरबन्दी मिलान गर्दा भरसक माथिल्लो शैक्षिक योग्यता भएका शिक्षकलाई माथिल्लो तहमा शिक्षक संख्या न्युन भएका विद्यालयहरुमा विद्यालयको अवस्थालाई मध्यनजर गरी व्यवस्था मिलाउने ।

५. सम्बन्धित तहको दरवन्दी उपलब्ध गराउन नसक्ने अवस्थामा तल्लो तहको माथिल्लो शैक्षिक योग्यता भएका शिक्षकवाट कक्षा सञ्चालन व्यवस्था मिलाई शिक्षक अभावलाई सम्वोधन गर्न सकिनेछ । यसरी व्यवस्था मिलाउँदा विद्यार्थी संख्या र दरबन्दी संख्यालाई समेत आधार लिन सकिने ।

६ शिक्षक व्यवस्थापन गर्दा सकेसम्म विषयगत समस्या न्युन हुनेगरी मिलान गर्ने।

७.दरवन्दी मिलानको क्रममा कटौती हुन गएका दरबन्दी एवं रिक्त हुन गएका दरबन्दीमा विज्ञापन अनुमति वा शिक्षक सरुवा नगर्ने साथै उक्त रिक्त दरबन्दीलाई पुल दरवन्दीमा राखी दरवन्दी मिलान पश्चात थप गर्नु पर्ने विद्यालयमा मिलान तथा समायोजन गर्ने।

८. दरवन्दी मिलान गर्दा माथिल्लो तहको लागि न्यूनतम दरवन्दी आधारभूत तह (कक्षा ६- ८) संचालन भएका विद्यालयमा ४ जना विषयगत शिक्षकहरु नरहेको खण्डमा माथिल्लो शैक्षिक योग्यता तथा विषय मिल्ने भएमा प्रा. वि. तहको शिक्षकको दरवन्दी कायम राख्ने।

९. दरवन्दी मिलान गर्दा विद्यालयमा मा. वि.तह ( कक्षा ९- १०) संचालन भएको र कम्तीमा ५ जना शिक्षक दरबन्दी नरहेको अवस्थामा माथिल्लो शैक्षिक योग्यता तथा विषय मिल्ने भएमा प्रा. वि. तहको शिक्षकको दरवन्दी समेत कायम राख्न सकिनेछ ।

१०.दरवन्दी मिलान गर्दा विद्यालयमा मा. वि. तह ( कक्षा ९- १२) संचालन भएको र कम्तीमा ८ जना शिक्षक दरबन्दी नरहेको अवस्थामा माथिल्लो शैक्षिक योग्यता तथा विषय मिल्ने भएमा नि मा. वि. तहको शिक्षकको दरवन्दी समेत कायम राख्न सकिनेछ ।

११. विद्यालय समायोजन गर्दा विद्यालय समायोजन भएर अर्को विद्यालयमा गाभिने साविकको विद्यालयमा कम्तीमा बालविकास कक्षा संचालन गर्न सकिनेछ । साथै विद्यालय समायोजन गरी समायोजन गरिएको विद्यालयमा कार्यविधि अनुसार दरबन्दी मिलान गरिनेछ ।

१२.दरबन्दी मिलान कार्य भनेको शैक्षिक जनशक्तिको संख्यात्मक र विषयगत मिलान समेत भएकाले शिक्षा ऐन २०२८ संशोधन सहित तथा शिक्षा नियमावली २०५९ (संशोधन सहितको) नियममा उल्लेखित तहगत र विषयगत दरवन्दी मिलानमा प्रभाव पर्ने गरी विषय परिवर्तन नगर्ने।

१३. कुनै विद्यालयमा शिक्षा ऐन तथा निमावली २०५९ (संशोधन सहित) को नियममा उल्लेखित तहगत र विषयगत दरबन्दीमा एउटौ विषयका शिक्षक बढी हुन गएको भए रिक्त हुन आउदा विषयगत मिलान हुने गरी पदपुर्ति गर्ने।

१४. विविध कारणले बेपत्ता वा निलम्बन भएका शिक्षक दरबन्दीहरुलाई नगरपालिकाको दरबन्दी मिलान अन्तरगत पुलमा तान्ने।

१५. दरबन्दी मिलान पश्चात कुनै पनि विद्यालयको दरबन्दी कट्टा गर्नु पर्ने भएमा तपसिल अनुसार गर्ने

- सम्बन्धित विद्यालयमा रिक्त रहेको दरबन्दी
- सम्बन्धित विद्यालयको शिक्षकको सहमती अनुसार जुन सुकै किसिमको शिक्षकको सहमति
- माथिको आधारमा नभए कनिष्ट शिक्षक क्रमशः करार, राहत, अस्थायी र स्थायी

१६. दरबन्दी मिलान पश्चात कुनै पनि विद्यालयको दरबन्दी थप गर्नु पर्ने भएमा तपशिल अनुसार गर्ने

- सबै भन्दा बढी विद्यार्थी संख्यारहेको विद्यालय ।
- माथिल्लो तह संचालित रहेको विद्यालय ।
- अंग्रेजी माध्यमबाट संचालित रहेको विद्यालय।
- प्रा.वि. तहको हकमा दरबन्दी कटौती थोरै हुने तर थप गर्नु पर्ने संख्या बढि भएको अवस्थामा प्राथमिकताको आधारमा विद्यालयको छनौट गरीने छ ।

- नि.मा. वि. रमा.वि. तहमा दरबन्दी कटौती नहुने तर थप गर्नु पर्ने अवस्थामा दरबन्दी प्राप्त पश्चात नियमानुसार दरबन्दी थप गरिनेछ ।
- विभिन्न विद्यालयमा रहेका परियोजनाका दरबन्दी शिक्षक सेवा आयोगबाट नयाँ व्यवस्थापन भई शिक्षक व्यवस्थापन अर्को विद्यालयमा जादाँ सम्बन्धित परियोजना दरबन्दी भएका विद्यालयलाई भएको शैक्षिक क्षति कम गर्न दरबन्दी मिलानका क्रममा प्राथमिकतामा राख्न सकिने ।

**१७.दरबन्दी कायम गर्ने अन्य आधारहरु:**

**क)कक्षा १ -३ सञ्चालित सामुदायिक विद्यालयको सम्बन्धमा ।**

१. कक्षा १- ३ मा विद्यार्थी संख्या २० जना भन्दा कम भए १ ओटा दरबन्दी कामय गर्ने ।

२. विद्यार्थी संख्या २१ देखी ५० जना सम्म भएका २ दरबन्दी कायम गर्ने ।

३.विद्यार्थी ५० जना वा सो भन्दा वढी भएमा र हाल ३दरवन्दी भएमा यथावत ३ दरवन्दी कायम गर्ने तर दरवन्दी थप गर्नुपर्ने भएमा विद्यार्थी संख्या १०० जना नपुगे सम्म दरवन्दी थप नगर्ने ।

४.विद्यार्थी संख्या १०० भन्दा माथि भए शिक्षक विद्यार्थी अनुपात १:३५कायम गर्ने।

५.कक्षा १- ३ मा २० भन्दा कम विद्यार्थी संख्या भएमा नजिकको विद्यालयमा एकिकरण समायोजनका लागि पहल गर्ने, यसो गर्दा भौगोलिक बिकटतालाई ध्यान राख्नुपर्नेछ।

६. भौगोलिक अवस्था र दुरीको आधारमा स्थलगत अनुगमन गरी एकिकरण हुने विद्यालयमा प्रारम्भिक वालविकास संचालन गर्नुपर्ने आवश्यकता भएमा उक्त एकिकरण भएको वालविकासमा न्यूनतम १५ विद्यार्थी भएको अवस्था देखिएमा सो कक्षा सञ्चालन को व्यवस्था मिलाउने ।

**ख.कक्षा १-५ सञ्चालित सामुदायिक विद्यालयको सम्बन्धमा ।**

१. विद्यार्थी संख्या ३० जनासम्म भएको विद्यालयमा न्यूनतम २दरवन्दी कायम गर्ने।

२. विद्यार्थी संख्या३१ देखि ८० सम्म भएको विद्यालयमा ३ दरवन्दी कायम गर्ने।

३.विद्यार्थी संख्या ८० देखि १२५ सम्म भएको विद्यालयमा ४ दरवन्दी रहेको भए ४ दरवन्दी कायम गर्ने।

४.विद्यार्थी संख्या १२६ देखि १७५ सम्म भएको विद्यालयमा ५ दरवन्दी रहेको भए ५दरवन्दी कायम गर्ने।

५. विद्यार्थी संख्या २०० नपुगे सम्म दरवन्दी थप नगर्ने र सो भन्दा बढी भएमा ३५ विद्यार्थी वरावर १ शिक्षक अनुपातका आधारमा दरवन्दी कायम गर्ने।

६. कक्षा १-५ मा ३० भन्दा कम विद्यार्थी भएमा माथिल्लो कक्षा घटाई नजिकको विद्यालयमा एकीकरण समायोजन पहल गर्ने यसो गर्दा भौगोलिक विकटतालाई ध्यानमा राख्नु गर्ने।

७. भौगोलिक र दुरीको आधारमा स्थलगत अनुगमन गरि एकिकरण हुने विद्यालयमा प्रारम्भिक वालविकास संचालन गर्नु पर्ने आवश्यकता र न्यूनतम १५ विद्यार्थी भएको अवस्था देखिएमा सो कक्षा सञ्चालन को व्यवस्था मिलाउने ।

**ग.कक्षा १-८ सञ्चालित सामुदायिक विद्यालयको सम्बन्धमा।**

१. प्राथमिक तहमा न्युनतम ३, आधारभूत तह (६-८) तह ४ गरी जम्मा ७ शिक्षक दरवन्दी कायम गर्ने ।

२. कक्षा ६- ८ मा ५० विद्यार्थी सम्म भएमा ३ दरबन्दी (अंग्रेजी, गणित/ विज्ञान, नेपाली वा सामाजिक) कायम गर्ने ।

३. कक्षा ६ -८ मा ५१ देखि १२० विद्यार्थी सम्म भएमा ४ दरबन्दी (अंग्रेजी, गणित/ विज्ञान, नेपाली, सामाजिक) कायम गर्ने ।

४. विद्यार्थी संख्या (६-८) १२० भन्दा माथी भएमा ५० जना विद्यार्थी बराबर १ शिक्षकको अनुपातमा दरबन्दी थप कायम गर्ने ।

५. विद्यालयको आधारभुत तह( ६- ८) मा न्युनतम/ विद्यार्थी संख्याको आधारमा दरबन्दी नभएको खण्डमा प्रा.वि.(१-५) मा बढी रहेको दरबन्दीलाई समेत गणना गरिने छ ।

६.कक्षा ६- ८ मा ३० जना भन्दा कम विद्यार्थी भएमा तह घटाउने ।

७.हटाइएको ।

**घ. कक्षा १- १२ सञ्चालित सामुदायिक विद्यालको सम्बन्धमा ।**

१.शिक्षा निमावली २०५९ ( संशोधन सहित) को अनुसुचीमा उल्लेखित न्युनतम प्रा. वि. ३, नि. मा.वि. ४, र मा. वि. ५,(अंग्रेजी, गणित, विज्ञान, नेपाली, सामाजिक) साविक उ मा वि मा २ दरबन्दी कायम गर्ने ।

२. तहगत रुपमा दरबन्दी थप घट गर्नु पर्दा माथि उल्लेखित आधार अनुसार गर्ने ।

३. माध्यमिक तहको अनुमति लिएको ३ शैक्षिक शत्र पुरा नभएको विद्यालयमा दरबन्दी कायम नगर्ने ।

४. विद्यार्थी संख्या २०० भन्दा बढी भएको खण्डमा ४५ जना विद्यार्थी वरावर १ शिक्षकको अनुपातमा दरबन्दी कायम गर्ने ।

५. विद्यालयको मा.वि. तहमा न्युनतम / विद्यार्थी संख्याको आधारमा दरबन्दी नभएको खण्डमा प्रा. वि. र आधारभुत तहमा बढी रहेको दरबन्दी समेत गणना गरिने छ ।

ङ. हटाइएको

**च.प्रारम्भिक वालविकास सम्बन्धमा।**

१.प्रारम्भिक वालविकास कक्षा नभएको विद्यालयलाई न्युनतम १ कोटा कायम गर्ने ।

२.प्रारम्भिक वालविकास कोटा कायम गर्दा १५जना सम्म विद्यार्थी वरावर १ कोटा कायम गर्ने र ३० जना भन्दा बढी विद्यार्थी भएको अवस्थामा विद्यालयमा २ कोटा रहेको भए २ कोटा नै कायम गर्ने ।

३. कुनै विद्यालयले निजी स्रोतमा सशुल्क नर्सरी , एल.के.जी., यु. के. जी. अंग्रेजी माध्यममा संञ्चालन गरेको छ भने थप कोटा प्रदान नगर्ने तर उक्त कक्षाका विद्यार्थी संख्या वालविकासमा गणना गरिने छ ।

४.भौगोलिक दुरी र विकटताका आधारमा बालवालिकाहरुलाई पायक पर्ने गरी नजिकैको विद्यालय मात् विद्यालय रहने गरी न्यूनतम मापदण्डर औचित्यका आधारमा बालविकास केन्द्र संचालन गर्न सकिनेछ ।

५.यसरी प्रारम्भिक वालविकास कोटा मिलान गर्दा उक्त वालविकास शिक्षकको शैक्षिक योग्यता कम्तीमा कक्षा १२ उत्तीर्ण हुनुपर्ने र उक्त शिक्षकलाई सम्भव भएसम्म नजिकको विद्यालयमा पठाउने गरी कोटा मिलान गर्ने ।

५(क). बालविकास शिक्षकहरुले दरबन्दी मिलान गरिएको ठाँउमा अनिवार्य रुपमा जानु पर्नेछ ।

५(ख).विविध कारणले बालविकास शिक्षकले स्वच्छिक अवकाश लिन चाहेमा सेवा अवधिको आधारमा तोकिए बमोजिमको सुनौलो उपहार प्रदान गरिनेछ।

५(ग). बालविकास शिक्षकको न्यूनतम शैक्षिक योग्यताकक्षा १२ उत्तीर्ण भएको हुनुपर्नेछ ।

## परिच्छेद- ३

## दरवन्दी मिलानको प्रकृया

**५. दरबन्दी मिलान कार्य गर्नाका लागि निम्नानुसारको प्रकृया अवलम्वन गरिनेछ ।**

क. नगर शिक्षा समितिको निर्णयानुसार सामाजिक विकास समितिको संयोजकको संयोजकत्वमा आधारभुत तह र माध्यमिक तहको शिक्षकको प्रतिनिधित्व हुनेगरी एउटा कार्यदल गठन गरिनेछ ।

ख. कार्यदलले सवै क्षेत्रको अध्ययन गरी उपलब्ध दरबन्दीको आधारमा दरबन्दी कायम, कटौती र थप हुने विद्यालयहरुको विवरण सहित नगर शिक्षा समितिलाई सिफारीस गर्नु पर्नेछ ।

ग.हटाइएको ।

घ नगर शिक्षा समितिको निर्णायनुसार शिक्षा शाखाले दरबन्दी थप भएको र कटौती भएको विद्यालयलाई १ (एक) हप्ताको समय भित्र दरबन्दी कटौती तथा थप भएको विद्यालयको विवरण सार्वजनिक गर्नेछ ।

ङ. नगरपालिका शिक्षा शाखाले विशेष परिस्थिति वाहेक बढीमा १( एक) महिना भित्र दरबन्दी मिलानको कार्यसम्पन्न गरी आवश्यकतानुसार सम्बन्धित निकायलाई जानकारी दिनु पर्नेछ ।

च.दरबन्दी मिलानका क्रममा एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गरिएका शिक्षकलाई कुनै पनि बाहानामा सम्बन्धित विद्यालयमा नपठाएको खण्डमा वा उक्त शिक्षकले मिलान गरिएको विद्यालयमा जान अटेर गरेमा निज शिक्षकहरुको तलव भत्ता रोक्का गरिनेछ ।

छ. कारणवस निलम्वन भएका शिक्षक दरबन्दीलाई विद्यार्थी कम भएका विद्यालयमा दरबन्दी सार्न सकिनेछ ।

## परिच्छेद-४

## दरबन्दी/ शिक्षण सहयोग अनुदान थप सम्बन्धमा

**६. दरबन्दी थप प्राप्त भएमा तपशिल अनुसार कार्यान्वयन गरिनेछ :**

क. न. पा. शिक्षा शाखाले आवश्यकताको आधारमा सम्बन्धित निकायसँग दरबन्दीको माग गर्नेछ ।

ख. संघीय सरकार तथा प्रदेश सरकारबाट दरबन्दी प्राप्त भएको खण्डमा जुन तह र किसिमको दरबन्दी प्राप्त भएको हो सोको लागि न. पा. शिक्षा शाखाले प्राथमिकताको आधारमा विद्यालयको छनौट गर्नेछ ।

**७. नगरपालिकावाट शिक्षण सहयोग अनुदान सम्बन्धमा :**

क.नगरपालिकाले आवश्यकताको आधारमा शिक्षक संख्याको कमिलाई सम्बोधन गर्नको लागि शिक्षण सहयोग अनुदान उपलब्ध गराउन सक्नेछ ।

ख.नगरपालिकाले शिक्षण सहयोग अनुदानको लागि वजेटको व्यवस्था गर्न सक्नेछ। बजेटको व्यवस्था पश्चात नगरपालिका शिक्षा शाखाले आवश्यकता र प्राथमिकताको आधारमा विद्यालयको छनौट गरी बजेट कार्यान्वियनका लागि नियमानुसारको प्रकृया अगाडि बढाउनेछ।

## परिच्छेद- ५

## विविध

**८. विविध:**

क. दरवन्दी मिलान कार्यविधिमा समयानुसार थपघट गर्ने आधिकार नगरपालिकामा रहनेछ।

ख. नगरपालिकाको अनुदानबाट नियुक्त शिक्षकलाई आवश्यकतानुसार नगरपालिकाले निरन्तरता दिन सक्नेछ।

ख(१). दरबन्दी मिलान तथा समायोजनका क्रममा विद्यालयमा रिक्त रहेका राहत अनुदान कोटामा नगरपालिका अन्तर्गत रहेका अन्य विद्यालयको राहत अनुदान कोटामा कार्यरत शिक्षकहरुलाई सम्बन्धित तह र विषय मिल्ने भएमा शिक्षकको माग र विद्यालयको आवश्यकता अनुसार निजको व्यक्तिगत निवेदन र विद्यालयको सहमतिको आधारमा र पारस्पारिक सहमतिमा समेत शिक्षक व्यवस्थापन गर्न सकिनेछ ।

ग.यस कार्यविधिमा उल्लेख नभएको कुराहरुको हकमा आवश्यक परेको खण्डमा शिक्षा ऐन २०२८, शिक्षा नियमावली, २०५९ र शिक्षक सेवा आयोग नियमावली, २०५७ र नगर शिक्षा ऐन २०७५ र परशुराम नगरपालिकाको विद्यालय शिक्षा व्यवस्थापन ऐन २०७६ अनुसार हुनेछ।

प्रमाणीकरण मिति: २०८०/०९/२५

आज्ञाले
कृष्णदेव जोशी
प्रमुख प्रशासकीय अधिकृत